कोरोनाविरुद्ध सचेतना
भीडभाडदेखि टाढै रहौं

अर्थ पत्रिका
सोमबार १ असार ०७७, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika

# प्रदेश सरकारहरूले चालू आवकै हाराहारीमा सवा २ खर्बको बजेट ल्याउँदै

## प्रदेश १ ले चालू आवको सवा ४२ अर्बको बजेटमा नबढाउने, प्रदेश २ ले चालू बजेट ३८ अर्बभन्दा कमै ल्याउने, बागमती प्रदेशले चालू आवको ४७ अर्ब ६० करोडबाट घटाउने, गण्डकीले सवा ३२ अर्बकै हाराहारी गर्ने, प्रदेश ५ ले साढे ३६ अर्बको बजेट ल्याउँदै, कर्णालीले १ अर्ब घटाएर ३३ अर्बमा झार्ने, सुदूरपश्चिमले २ अर्ब बढाएर ३० अर्बको बनाउने

**विराटनगरबाट गणेश लम्साल, जनकपुरधामबाट हदिश खुद्दार, पोखराबाट गोविन्द सुवेदी, बुटवलबाट विष्णु घिमिरे, सुर्खेतबाट खगेन्द्र भट्टराई, धनगढीबाट तेजराज भट्ट, काठमाडौंमा कृष्ण रिजाल**/नयाँ पत्रिका

आगामी आर्थिक वर्षका लागि संघीय सरकारले बजेट घटाएर सार्वजनिक गरिसकेको अवस्थामा प्रदेश सरकारहरूले भने चालू आवकै हाराहारी आकारको बजेट ल्याउने भएका छन् ।

चालू आर्थिक वर्षका लागि सातै प्रदेशले कुल २ खर्ब ३० अर्ब ४७ करोडको बजेट सार्वजनिक गरेका थिए । आगामी आर्थिक वर्षको कुल रकम र त्यसकै हाराहारीमा बजेट आउने देखिएको छ । तर, संघीय सरकारबाट प्राप्त हुने अनुदान नबढेको तथा कोरोना महामारीले प्रदेशकै राजस्व आम्दानीमा समेत संकुचन आउने देखिएकाले केही प्रदेशले बजेट घटाउने र केहीले चालू आवकै हाराहारीको बजेट ल्याउने भएका छन् ।

प्रदेश २, गण्डकी र कर्णाली प्रदेशले चालू आर्थिक वर्षको बजेटभन्दा केही सानो आकारको ल्याउने जनाएका छन् । प्रदेश १, बागमती र प्रदेश ५ ले चालू आर्थिक वर्षकै हाराहारीको बजेट ल्याउने भएका छन् । सुदूरपश्चिम प्रदेश सरकारले भने संघीय अनुदान २ अर्ब रुपैयाँ बढेको अवस्थामा त्यति नै मात्रामा बजेट बढाएर ल्याउने तयारी गरेको छ ।

चालू आर्थिक वर्षको प्रदेशहरूको कुल बजेट २ खर्ब ३० अर्ब ४७ करोड ९७ लाखमध्ये सबैभन्दा ठूलो आकारको बजेट बागमती प्रदेशको थियो । यो प्रदेशले ४७ अर्ब ६० करोड ७८ लाख रुपैयाँको ल्याएको थियो । सबैभन्दा सानो आकारको बजेट सुदूरपश्चिम प्रदेशले २८ अर्ब १६ करोड २० लाख रुपैयाँबराबरको ल्याएको थियो ।

प्रदेशहरूले संघबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, आन्तरिक राजस्व र आन्तरिक ऋणलाई समेत स्रोत आधार बनाएर बजेट निर्माण गर्छन् । चालू आवमा संघीय सरकारले प्रदेशलाई कुल ९९ अर्ब ८४ करोड ४४ लाख रुपैयाँ अनुदान छुट्याएको थियो । आगामी आवका लागि भने चालू आवको भन्दा करिब ३ करोड बढी (अर्थात् ९९ अर्ब ८७ करोड ३७ लाख रुपैयाँ) अनुदान छुट्याइएको छ । त्यस्तै, चालू आवमा प्रदेशहरूले राजस्व बाँडफाँडबाट कुल ५९ अर्ब ३३ करोड रुपैयाँ प्राप्त गर्ने संशोधित अनुमान छ । आगामी आवमा भने प्रदेशले राजस्व बाँडफाँडबाट कुल ६१ अर्ब ७ करोड प्राप्त गर्ने अनुमान छ । चालू आवमा अधिकांश प्रदेशको राजस्व आयसमेत लक्ष्यअनुसार हुन सकेको छैन । संघबाट आउने अंकसमेत बढ्न नसकेको तथा आन्तरिक राजस्वसमेत घट्ने अवस्था रहेकाले प्रदेशहरूलाई बजेटको आकार बढाउने स्पेस नरहेको देखिन्छ ।

### आगामी आर्थिक वर्ष संघीय सरकारबाट प्रदेशहरूलाई प्राप्त हुने अनुदान




**■ प्रदेश १**

### ● घाटा बजेट ल्याउने तयारी, कृषि मुख्य प्राथमिकता

कृषि, स्वास्थ्य र रोजगारलाई मुख्य प्राथमिकतामा राख्दै प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि घाटाको बजेट ल्याउने तयारी गरेको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले आगामी बजेटमा वैदेशिक रोजगारबाट फर्किएका र स्वदेशमा रहेका युवाहरूलाई उत्पादनमूलक रोजगारमा प्रोत्साहन गर्न बजेटले प्राथमिकता दिनेछ ।

चालू आर्थिक वर्षका लागि ४२ अर्ब २० करोड ४ लाख रुपैयाँ बजेट ल्याएको प्रदेश सरकारले औसत ४० प्रतिशत पनि खर्च गर्न सकेको छैन । अर्कोतर्फ लकडाउनका कारण प्रदेश १ का विभिन्न मन्त्रालय र निकायहरूले करिब १० अर्ब रुपैयाँ खर्च गर्न नसक्ने जनाइसकेका छन् । त्यसभन्दा अघिल्लो वर्ष ०७५/७६ मा करिब ३६ अर्बको थियो । त्यसवेला करिब २० प्रतिशतले बजेट बढाइएको थियो ।

संघबाट आउने अनुदान केही घटेको, राजस्व संकुचन आउने सम्भावना बढेको तथा राजस्व बाँडफाँडबाट आउने अंकसमेत कम हुने आधारमा प्रदेश १ को बजेट चालू आवकै हाराहारी वा सोभन्दा कम हुने देखिन्छ । आगामी आवका लागि संघीय सरकारले प्रदेश १ लाई कुल १५ अर्ब ११ करोड ३८ लाख रुपैयाँ अनुदान छुट्याएको छ । चालू आवमा संघले प्रदेश १ का लागि १५ अर्ब २० करोड ७४ लाख रुपैयाँ अनुदान छुट्याएको थियो ।

तर, आगामी आर्थिक वर्षका लागि धेरै ठूलो आकारको बजेट आउने सम्भावना न्यून रहेको अर्थका अधिकारीहरू बताउँछन् । तर, सोमबार प्रस्तुत हुने बजेटमा धेरै पुरानै कार्यक्रमहरूले निरन्तरता पाउनेछन् । सरकारले कोभिड-१९ नियन्त्रणका लागि केही मुख्य कार्यक्रम पनि ल्याउन लागेको अर्थ-स्रोतले जानकारी दिएको छ ।

**■ प्रदेश २**

### ● चालू आवको भन्दा कम हुने, सामाजिक विकास प्राथमिकतामा

चालू आर्थिक वर्षको समग्र बजेटमा १६ प्रतिशत मात्र खर्च गर्न सकेको प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि सानो आकारको बजेट ल्याउने तयारी गरेको छ । चालू आर्थिक वर्षको बजेट ३८ अर्ब रुपैयाँ छ । यो रकम खर्च गर्नै समस्या भएपछि सानै आकारको बजेट ल्याउने तयारी भएको आर्थिक मामिला तथा योजना मन्त्रालय स्रोतले जानकारी दियो ।

संघीय सरकारबाट आगामी आर्थिक वर्षका लागि सामान्यीकरण अनुदानबापत ७ अर्ब २ करोड, राजस्व बाँडफाँड तथा आन्तरिक आम्दनीबापतको १० अर्ब ४४ करोड र सर्सत अनुदानको ५ अर्ब ९४ करोड, विशेष अनुदान गरी जम्मा २३ अर्ब ८४ करोड ९९ लाख प्राप्त हुनेछ । त्यसमा आफ्नो आन्तरिक आम्दानी थपथाप गरेर बजेट ल्याइने भएको छ । 'कोरोना संकटका कारण चालू आर्थिक वर्ष अब खर्च हुने सम्भावना नरहेकाले बजेट धेरै ठूलो नआउला,' आर्थिक मामिला तथा योजना मन्त्रालयका उपसचिव अर्जुन न्यौपानेले भने ।

संघीय सरकारले आगामी आवका लागि प्रदेश २ लाई कुल १३ अर्ब ४० करोड ५९ लाख रुपैयाँ अनुदान छुट्याएको छ । चालू आवमा यस्तो अनुदान १४ अर्ब १७ करोड ७४ लाख रुपैयाँ छुट्याएको छ ।

प्रदेश २ सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बहुमतले पास गरेको छ । आगामी आर्थिक वर्षको बजेट ल्याउन एक दिन मात्रै बाँकी रहेको अवस्थामा सरकारले बहुमतले उक्त कार्यक्रम सभाबाट पास भएको हो ।

**■ बागमती प्रदेश**

### ● चालू आवकै हाराहारीमा बजेट ल्याउने

चालू आवमा अन्य प्रदेशको तुलनामा ठूलो बजेट ल्याएको बागमती प्रदेशले आगामी आर्थिक वर्षका लागि बजेट नबढाउने योजना बनाएको छ । यो प्रदेशको चालू आर्थिक वर्षको बजेट ४७ अर्ब ६० करोड ७८ लाख रुपैयाँ छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुंगेलले आगामी आवको बजेटको आकार चालू आवकै हाराहारी वा केही सानो हुने सम्भावना भएको बताए । संघबाट आउने अंक तथा आन्तरिक राजस्वसमेत कम हुने अनुमानका आधारमा बजेट बढाउने ठाउँ नरहेको उनले बताए । 'नीति कार्यक्रमको जगमा बजेट बनाएका छौं,' उनले भने, 'अहिलेको परिस्थितिअनुसारको बजेट आउँछ ।'

यो प्रदेशका लागि संघीय सरकारबाट आउने बजेट पनि घटेको छ । संघीय सरकारले आगामी आवका लागि बागमती प्रदेशलाई १४ अर्ब ८६ करोड ९८ लाख रुपैयाँ अनुदान छुट्याएको छ । चालू आवका लागि यस्तो अनुदान १५ अर्ब ६ करोड १३ लाख रुपैयाँ छुट्याएको थियो । ढुंगेलका अनुसार बजेट खासगरी कोरोना महामारी नियन्त्रण, रोकथाम तथा उपचार र स्वास्थ्यसँग सम्बन्धित पूर्वाधार निर्माणमा बजेट केन्द्रित हुनेछ । त्यसका अलावा कृषिलाई पनि प्राथमिकतामा राखिएको छ । एकातर्फ खर्च गर्नुपर्ने क्षेत्र बढेका छन्, जनताका इच्छा, आकांक्षा र चाहना बढेका छन्, अर्कातर्फ राजस्व घटेको छ । केन्द्रबाट आउने अंक पनि घटेको छ । 'राजस्व आय ३-४ अर्बले घटेको छ,' उनले भने, 'त्यसैले बजेट बढाउने स्पेस छैन ।'

**■ गण्डकी प्रदेश**

### ● चालू आवकै हाराहारीमा बजेट ल्याउने

गण्डकी प्रदेश सरकारले चालू आर्थिक वर्षकै हाराहारीमा आगामी आर्थिक वर्षको बजेट ल्याउने भएको छ । चालू आर्थिक वर्षको बजेट ३२ अर्ब १३ करोड रुपैयाँ छ । यसमध्ये ३५ दशमलव ९१ प्रतिशत (११ अर्ब ९८ लाख रुपैयाँ) मात्र खर्च गर्न सकेको सरकारले आगामी आर्थिक वर्षका लागि पनि त्यही हाराहारीमा बजेट ल्याउने भएको हो ।

संघीय सरकारले गण्डकी प्रदेशका लागि आगामी आवमा १३ अर्ब ३५ करोड ९९ लाख रुपैयाँ छुट्याएको छ । चालू आवका लागि यस्तो अनुदान १२ अर्ब ४६ करोड ३८ लाख थियो । संघीय अनुदान बढे पनि बजेट नबढ्ने अधिकारीहरू बताउँछन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालय स्रोतअनुसार सामान्य अवस्था भए ३८ अर्बको बजेट ल्याउने तयारी थियो । तर, कोरोना संक्रमणको जोखिमले निम्तिएको लकडाउन र खर्च गर्न नसकेका कारणले आगामी आर्थिक वर्ष बजेट बढाएर ल्याउने कुनै योजना छैन । 'राजस्व कम उठ्ने अवस्था छ । स्रोतमा संकुचन छ,' स्रोतले भन्यो, 'त्यसैले बजेट चालू आर्थिक वर्षकै हाराहारी वा थोरै मात्र थप गरेर बजेट आउँछ ।'

प्रदेश सरकारले आगामी आर्थिक वर्षमा चालूतर्फ ४० प्रतिशत र पुँजीगततर्फ ६० प्रतिशत बजेट विनियोजन गर्ने तयारी गरेको प्रदेशको आर्थिक मन्त्रालयका प्रवक्ता नीरज भट्टराईले जानकारी दिए । गण्डकी प्रदेशले कोरोना रोकथाम तथा नियन्त्रण, आर्थिक पुनरुत्थान, कृषि र पर्यटन विकासलाई मुख्य प्राथमिकता दिएर बजेट ल्याउँदै छ ।

प्रदेश सरकारले यस वर्ष स्वास्थ्यलाई केन्द्रित गरेर बजेट विनियोजन गर्ने आर्थिक मामिलामन्त्री किरण गुरुङले बताउँदै आएका छन् । उनका अनुसार बजेट कोरोनाकेन्द्रित संक्रामक रोग अस्पताल, जिल्ला अस्पतालहरूको स्तरोन्नति, कोरोना रोकथाम, नियन्त्रण र उपचारसँगै स्वास्थ्य उपकरणहरूको खरिद गर्नेलगायतमा केन्द्रित हुनेछ । त्यस अतिरिक्त कृषि र रोजगारमूलक क्षेत्रलाई पनि बजेटमा प्राथमिकता दिइने गुरुङले बताउँदै आएका छन् ।

**■ प्रदेश ५**

### ● कोरोना नियन्त्रण र रोजगारी सिर्जनामा केन्द्रित हुने

प्रदेश ५ सरकारले आगामी आर्थिक वर्ष ०७७/७८ को कोरोना नियन्त्रण र रोजगार कार्यक्रमलाई मुख्य प्राथमिकतामा राख्दै बजेट ल्याउने भएको छ । चालू आर्थिक वर्ष ३६ अर्ब ४२ करोड रुपैयाँको बजेट ल्याएको थियो । त्यसमध्ये ४१ दशमलव ६१ प्रतिशत (१५ अर्ब १५ करोड) मात्र खर्च गर्न सकेको प्रदेश सरकारले त्यसकै हाराहारीमा बजेट ल्याउने तयारी गरेको छ ।

संघीय सरकारले आगामी आवका लागि प्रदेश ५ लाई कुल १४ अर्ब ६ करोड ९६ लाख रुपैयाँ छुट्याएको छ । चालू आवमा यस्तो अनुदान १५ अर्ब ३१ करोड ५ लाख रुपैयाँ छुट्याएको थियो । संघीय अनुदान घटेकाले बजेट पनि घटेर आउने जनाइएको छ ।

उक्त बजेट प्रदेश सभाको सोमबारको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको समेत जिम्मेवारी समालेका मुख्यमन्त्री शंकर पोखरेलले प्रस्तुत गर्ने कार्यक्रम छ । प्रदेश सभाका सभामुख पूर्णबहादुर घर्तीले सोमबार तीन बजेका लागि बजेट वक्तव्य प्रस्तुत गर्ने कार्यसूची तय गरेका छन् । सरकारका प्रवक्तासमेत रहेका भौतिक पूर्वाधार विकासमन्त्री वैजनाथ चौधरीले यस वर्षको बजेटमा कृषि क्षेत्रदेखि अन्य क्षेत्रका विकास निर्माणका काममा रोजगारमूलक कार्यक्रमलाई बजेटमा प्राथमिकता दिइने जानकारी दिए ।

प्रदेश सरकारले कोरोनासँगको लडाइँमा सफलता हासिल गरेपछि कृषि, पर्यटनलगायतका क्षेत्रको विकास गर्दै

» पृष्ठ ७ मा क्रमशः






**खनियाबास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**दार्खा, धादिङ**
**बागमती प्रदेश, नेपाल**

**कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७७/०३/०१**

यस खनियाबास गाउँपालिकाको मिति २०७७/०२/२३ गते सम्पन्न भएको गाउँसभाको निर्णयानुसार गाउँपालिकाको कर्मचारी संगठन तथा दरबन्दी सर्भेक्षण प्रतिवेदन-२०७६ अनुसार केही पदहरु र संख्या थप गर्नुपर्ने भएकोले साविकको सूचनालाई संशोधन गर्दै यसै सूचना बमोजिम सबै प्रक्रिया हुने गरी यस कार्यालयमा निम्न पदमा खुला प्रतिस्पर्धाबाट कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन) राजश्व तिरेको रसिद वा सम्बन्धित बैंक भौचर सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | सेवा | समूह | श्रेणी | संख्या | रिक्त स्थान |
|---|---|---|---|---|---|---|
| १/०७६/०७७ | अ.स.ईन्जिनियर | ईन्जिनियरिङ | सिभिल | सहायक चौथो | २ | खनियाबास गा.पा. अन्तर्गत विभिन्न वडाहरु |
| २/०७६/०७७ | नायव पशु स्वा.प्रा. | कृषि | भेटेरिनरी | सहायक चौथो | २ | खनियाबास गा.पा. अन्तर्गत विभिन्न वडाहरु |
| ३/०७६/०७७ | हेभि सवारी चालक रोलर/ब्याक हो लोडर | विविध | | श्रेणी विहिन | २ | खनियाबास गा.पा. कार्यालय |
| ४/०७६/०७७ | कार्यालय सहयोगी | विविध | | श्रेणी विहिन | २ | खनियाबास गा.पा. कार्यालय, भोगटेनी स्वा.चौ. |
| ५/०७६/०७७ | अ.न.मी. | स्वास्थ्य | | सहायक चौथो | ५ | खनियाबास गा.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरु |
| ६/०७६/०७७ | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | हे.ई. | सहायक पाँचौं | १ | दार्खा स्वास्थ्य चौकी |
| ७/०७६/०७७ | अ.हे.व. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | ३ | खनियाबास गा.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरु |
| ८/०७६/०७७ | प्राविधिक सहायक | कृषि | कृषि प्रसार | सहायक पाँचौं | १ | खनियाबास गा.पा. कार्यालय |

१. **आवश्यक योग्यता :**
वि.नं.१ को लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा टि.एस.एल.सी उत्तीर्ण वा न्यूनतम १५ महिने कोर्ष उत्तीर्ण गरेको ।
वि.नं.२ को लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी न्यूनतम जे.टि.ए.पशु विज्ञान (पशुपालन/पशु स्वास्थ्य) कोर्ष उत्तीर्ण गरेको ।
वि.नं.३ को लागि : सम्बन्धित सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।
वि.नं.४ को लागि : न्यूनतम आठ कक्षा उत्तीर्ण गरेको ।
वि.नं.५ को लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी अ.न.मि. कोर्ष उत्तीर्ण गरेको, सम्बन्धित विषयको परिषद्मा दर्ता, नवीकरण भएको
वि.नं.६ को लागि : सामान्य चिकित्सा विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको/सम्बन्धित विषयको परिषद्मा दर्ता/नवीकरण भएको
वि.नं.७ को लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी अ.हे.व. कोर्ष उत्तीर्ण गरेको/सम्बन्धित विषयको परिषद्मा दर्ता, नवीकरण भएको
वि.नं.८ को लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह **I.Sc.Ag.** वा एस.एल.सी.वा टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन बर्ष अवधिको कृषि विषयको डिप्लोमा **(Major in plant sci.)** उत्तीर्ण वा जे.टि.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा एक बर्षे जे.टि. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण गरेको ।
२. **आवश्यक कागजात :** आवेदनको साथमा शैक्षिक योग्यता प्रमाणपत्र, नेपाली नागरिकता प्रमाण पत्र र अन्य आवश्यक कागजातको प्रमाणित छायाँप्रति र ३ प्रति फोटो
३. **उम्मेदवारको उमेर हद :** १८ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको)
४. **छनौट प्रक्रिया :** खनियाबास गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (२०७५ बमोजिम, वि.नं. ३ को हकमा प्रयोगगात्मक समेत हुनेछ ।
५. **तलब स्केल :** प्रचलित कानुन बमोजिम
६. **कार्य अवधि :** करार सम्झौता बमोजिम हुनेछ ।
७. **दरखास्त फाराम दस्तुर :** वि.नं.४ को लागि रु.५०० र अन्यको हकमा रु. ७००/-
८. **आवेदन दिनुपर्ने अन्तिम मिति :** २०७७/०३/१५ सम्म
९. **आवेदन बुझाउनु पर्ने स्थान :** खनियाबास गा.पा.को कार्यालय, प्रशासन शाखा ।
**नोट:** प्रयोगात्मक तथा अन्तरवार्ता मिति पछि तोकिने छ साथै अघिल्लो पटक विज्ञापन भई दरखास्त दिईसकेका उम्मेदवारहरुको हकमा साविककै दरखास्तलाई मान्यता दिईनेछ ।

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**

**रास्कोट नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**आरसिपि-५, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सुचना प्रकाशित मिति : २०७७/०३/०१**

यस कार्यालय बाट मिति २०७६।१०।२० मा राष्ट्रिय दैनिक नयाँपत्रिका मा बोलपत्र आब्हान गरिएको सुचना बमोजिम तोकिएको म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र सारभुत रुपमा प्रभावकारी रहेको हुँदा उक्त बोलपत्रको स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कवोल अंक रु. (मु.अ.कर सहित) |
|---|---|---|---|
| RKM/076-77/BLDG/WORKS/NCB-08 | Procurement of Janajagriti ma.vi. School Building Construction Works of raskot-08, kalikot | Y.S.S. – Shree Basana JV Birendranagar-6 , Surkhet | **Rs. 29037635.26** |

**प्रमुख प्रशासकीय अधिकृत**